परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ११ ❑ अंक २३ २०७९ पौष २४ गते आईतवार Sunday 8, JAN 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




## सहमती सहकारीमा सहमतीबाटै नयाँ संचालक

विराटनगर । सहमती बचत तथा ऋण सहकारी संस्था लिमिटेड विराटनगर-८ प्रगती विनायक टोलले १० औ साधारण सभा सम्पन्न गरेको छ । सहमती सहकारीमा सहमतिवाटै नयाँ संचालक समिति समेत गठन भएको छ ।

साधारण सभाका प्रमुख अतिथी प्रदेश १ का प्रदेश सभा सदस्य माननीय खड्ग बहादुर बस्तेले पानसमा बत्ती बालेर समुद्घाटन गर्दै भने सहकारी भनेको सहकार्य हो समाजमा भएका व्यक्तिहरुकै सकार्यले सहकारीको स्थापना हुन्छ । ती सहकारीले आफ्ना सदस्यसंग बचत गराउने र आवश्यकता परेकोवेला ऋण उपलब्ध गराउने भएकोले सहकारीका सवै सदस्यहरु सहकार्य गरी अघि वढ्नु पर्ने वताए ।



सहमती बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १० वार्षिक साधारण सभाका अतिथीहरु ।

सोही अवसरका एसइइ र १२ कक्षामा सदस्यका सन्तती मध्ये उत्कृष्ट दुई दुई जनालाई सम्मान गरिनुका साथै असल बचत कर्ता र असल ऋणीलाई सम्मान गरेका थिए ।

त्यसैगरी बन्दसत्रमा शिव प्रसाद आचार्यको संयोजकत्व पुरुषेत्म दहाल र अनिता थापा सदस्य रहने कमीटीले निर्वाचन प्रक्रिया शूरु गरेको थिए ।

निर्वाचन प्रक्रियावाट उम्मेदवारी दर्ता गराई सहमतीकै आधारमा नयाँ संचालक समिति र लेखा समितिको नाम घोषणा गरका थिए ।

जस अनुसार राजेन्द्र कुमार थापा अध्यक्ष, गंगा प्रसाद कोइराला उपाध्यक्ष, कष्ण भट्टराई सचिव, श्याम सुन्दर सुतिहार कोषाध्यक्ष, सदस्यहरुमा क्रमश : लक्ष्मी आचार्य, बाल्मीका बस्नेत (कार्की), दिना चौधरी, विरेन्द्र कुमार थापा र गणेश खड्का रहेका छन् ।

त्यसैगरी लेखा समितिमा शेर बहादुर सुवेदी संयोजक, मनोरमा निरौला र अवधनारायण सेठ सदस्यमा चयन भएका छन् ।

खुल्ला तथा बन्द सत्र कार्यक्रम सहमती बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष राजेन्द्र कुमार थापाको अध्यषतामा सम्पन्न भएका छन् ।

## दुईवटा अध्यादेश र एउटा नियमावली पारीत

विराटनगर । प्रदेश १ को प्रदेशसभा बैठकले दुई वटा अध्यादेश र एउटा नियमाव लीपारित गरेको छ ।

आइतबार बसेको दोस्रो कार्यकालको पहिलो बैठकले प्रदेश सरकारले जारी गरेको दुई वटा अध्यादेश र प्रदेशसभा नियमावली २०७४ (संशोधन सहित) पारित गरेको थियो ।

बैठकमा आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्कीले पेस गरेको प्रदेश निजामती सेवाअध्यादेश २०७९ पारित भएको हो । कार्कीले सङ्घीय सरकारले प्रशासनिक सङ्घीयता कार्यान्वयनमा ढिलाइ गरेपछि प्रदेशले काम कारबाही गर्नका लागि छुट्टै अध्यादेश ल्याएको बताउनु भयो ।

हामीले राजनीति सङ्घीयता र वित्तीय सङ्घीयताकार्यान्वयन गरिरहेका छौं, हामीआफै बजेट बनाउने तथाकार्यान्वयन गर्ने गछौं तर, प्रशासनिक रुपमा कर्मचारीलाई ढुक्क भएर काम गर्ने वातावरण तयार गर्नका लागिप्रदेश निजामती सेवाअध्यादेश २०७९ सदन नभएको बेला आवश्यक देखिएकाले ल्याएका हौं ।'

सरकारले २०७९ असोज ११ गते प्रदेश निजामती सेवाअध्यादेश २०७९ र केही प्रदेश ऐन संशोधन अध्यादेश २०७९ जारी गरेको थियो । आइतबारको बैठकले केहीप्रदेश ऐन संशोधनअध्यादेश पनिपारित गरेको छ ।

आइतबारको बैठकले तत्का लीन वन, वातावरण तथा भू-संरक्षण मन्त्रीतथाप्रदेश सभा सदस्य शेखरचन्द्र थापाको निधनमाशोक प्रस्ताव समेत पारित गरेको छ । अब अर्को बैठक आगामीपौष २५ गते दिनको १ बजे बस्ने छ ।

## पण्डित श्रीघनश्याम पोखरेल स्मृति-ग्रन्थ लोकार्पण

विराटनगर । पूर्वी क्षेत्रमा रही अध्यात्म एवं तपस्या तथा ज्ञानको साधनामा सक्रिय घनश्याम पोखरेलको स्मृति-ग्रन्थ लोकार्पण भएको छ ।

पोखरेलको आदर्श जीवन-चरित्र तथा प्रेरणादायी व्यक्तित्वलाई प्रकट गर्ने उद्देश्यले 'पण्डित श्री घनश्याम पोखरेल स्मृति-ग्रन्थ' प्रकाशित भएको हो ।


पोखरेलको स्मृति-ग्रन्थ लोकार्पण कार्यक्रमका सहभागी अतिथीहरु

उक्त स्मृति-ग्रन्थको शनिबार प्रदेश नं. १ का प्रमुख परशुराम खापुङले लोकार्पण गर्नु भएको हो । श्री घनश्याम पोखरेल स्मृति प्रतिष्ठानद्वारा आयोजित कार्यक्रमका प्रमुख अतिथि प्रदेश प्रमुख खापुङले ग्रन्थ लोकर्पण गर्दै यस्ता ग्रन्थले व्यक्तिको इतिहास जीवित हुने बताउनुभयो । प्रतिष्ठानले देश विदेशका विशिष्ट विद्वान्हरूका लेखहरू समेटेर उक्त स्मृति-ग्रन्थ प्रकाशित गरेको हो ।

सो अवसरमा प्रतिष्ठानले सुनसरीको चतराधाममा रहेर वैदिक सनातन धर्मको संरक्षण र सम्वर्धनमा संलग्न ज्ञानवृद्ध, वीतराग सन्त, आबाल-ब्रह्मचारी श्री १००८ हरिकृष्णाचार्य स्वामीजीलाई नगद रू. २१ हजार राशिका साथ विशेष अभिनन्दन पनि गरेको छ ।

सोही अवसरमा लक्ष्मी नारायण वेदविद्याश्रम, पाञ्चाली विराटनगरका कक्षा ८ का छात्र उज्ज्वल अर्याललाई ५५ सय राशिको 'पं. श्री घनश्याम पोखरेल मेधावी छात्र पुरस्कार'द्वारा पुरस्कृत गरिएको छ । प्रतिष्ठानले यी दुई क्षेत्रमा बर्सेनि पुरस्कार दिने नीति लिइएको कार्यक्रममा

वांकी अन्तिम पेजमा...


## मोटर साइकल र स्कुटर चोरीमा संलग्न चार पक्राउ

विराटनगर । जिल्ला प्रहरी कार्यालय मोरङले मोटरसाईकल तथा स्कुटर चोरी गरेको आरोपमा ४ जनालाई पक्राउ गरेको छ ।

पौष १४ गते राती बिराटनगर महानगरपालिका-९ ठाकुरवाडी रोडबाट प्रदेश नं.-०१-०२-०४२ प ३७७७ नम्बरको एनएस मोटरसाईकल हराएको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खोजतलासमा खटिएको प्रहरी टोलीले

वांकी अन्तिम पेजमा...




SUKRATARA FURNITURE UDYOG

9842033365
9805391277
BIRATNAGAR
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

## पण्डित...

बताइएको थियो ।

प्रतिष्ठानका अध्यक्ष प्रा.डा. भोलानाथ पोखरेलको सभापतित्वमा भएको कार्यक्रममा विभिन्न क्षेत्रका विशिष्ट विद्वान्, सन्त, महन्त, आचार्य गुरुहरू, विश्व विद्यालयका प्राध्यापक, शिक्षक हरूलगायतको उपस्थिति थियो । कार्यक्रमको सञ्चालन उपप्राध्यापकद्वय सुदर्शन नेपाल एवं गोविन्द घिमिरे(आकाश नीलम्)ले गर्नुभएको थियो ।

## मोटर...

मोटरसाईकल चोरीमा संग्लग्न रहेका धनपालथान गाउँपालिका -७ का २१ बर्षीय रविन राजबंशी, बुढिगंगा गाउँपालिका -७ का २५ बर्षीय पन्चदेव खवास र विराटनगर महानगरपालिका-१९ का २१ बर्षीय विकेश खवासलाई चोरीको मोटरसाईकल सहित पक्राउ गरेको थियो ।

त्यसैगरी सोही दिन बिराटनगर-८ मधुमाराबाट प्रदेश नं.-०१-०२-००५१ प १०२७ नम्बरको स्कुटर चोरी भएको भन्ने सूचना पाएसंगै खोजतलासमा खटिएको प्रहरी टोलीले चोरीमा संग्लग्न रहेका स्थानीय २० बर्षीय सतिस मुखियालाई स्कुटरको पार्ट पुर्जा खोल्दै गरेको अवस्थामा पक्राउ गरेको थियो ।

पक्राउ परेका उनीहरुलाई चोरी सम्बन्धी मुद्धामा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# अठार वर्ष युद्ध लडेका 'विवस' न्यूरो अस्पतालको वेडमा, उपचारको लागि रकम अभाव

विराटनगर । जनयुद्धकालमा १८ वटा मोर्चामा लडाईं लडेर घाइते भएका संखुवासभाका बाबुराम राई (विवश) सिकिस्त बिरामी परेका छन् । उनलाई हाल विराटनगर स्थित न्यूरो अस्पतालमा उपचारका लागि ल्याइएको छ ।


बाबुराम राई (विवश)

युद्धकालमै टाउकोमा एटिवानको मोर्टार लागेर शक्त घाइते भएका उनी त्यसबेला २६ दिनको उपचारपछि होसमा आएका थिए । सोही कारण उनी औषधि सेवन गरिरहेका थिए । केही दिनदेखि टाउकोबाट लगातार पिप बग्न थालेपछि उनलाई धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका लागि ल्याइएको थियो ।

त्यहाँ उपचार हुन नसकेपछि प्रतिष्ठानले विराटनगरस्थित न्यूरो अस्पतालमा रेफर गरेको हो । 'तीन दिन अगाडि विपी प्रतिष्ठान इमरजेन्सीमा भर्ना हुनुभएको थियो, आज बिहान न्यूरो रेफर गरेको हो,' उनका सहयोगी लविन्द्र खड्काले भने, 'अपरेशन गर्नुपर्छ भनेको छ, उहाँसँग सिटी स्क्यान गर्ने पैसा समेत नभएर हामीले केही रकम जम्मा गरेर सिटी स्क्यान चाहिं गरेका छौं, दैनिकको बेडचार्ज बुझाउने पैसा पनि उहाँसँग छैन, टाउकोबाट पिप बगिरहेको छ ।'

जनयुद्धकालमा पटक-पटक उनले मृत्युलाई नजिकबाट देखेका छन् । जनयुद्धकाल र शान्तिकालमा गरी उनी ९ पटक जेल परेका छन् । उनी माओवादीका तर्फबाट प्रदेश १ प्रदेशसभामा समानुपातिक तर्फको बन्द सूचीमा थिए ।

२०५७ मंसिर देखि माओवादीले थालेको सशस्त्र युद्धमा लागेका उनले तेह्रथुमको पोक्लाबङ, पाँचथरको गोपेटार, संखुवासभाको चैनपुर, सिन्धुलीको भिमान, ओखलढुङ्गाको रुम्जाटार , सिरहाको लहान, काभ्रे पाला न्चोकको भकुण्डेवेसी, मोरङको बेलबारी, जांते, झापाको विर्तामोड चेकपोष्ट आक्रमण, सुनसरीको दुहवी चेकपोष्ट, भोजपुरको रिपीटर टावर आक्रमण, संखुवासभाको तुम्लिङटार भीडन्त, इलामको मंगलबारे भिडन्तमा लडेका थिए । उनको श्रीमती विमला चौहान (सीमा) जनयुद्धकै बेलामा सहीद भएकी थिइन् भने बहिनी पनि जनयुद्धमा सहभागी भएकी थिइन् । उनी ०६१ सालको फागुनमा मोरङको जाँतेमा भएको भीडन्तमा परी गम्भीर घाइते भएका थिए । त्यसबेला उनको भारतको सिलिगुढी लगेर उपचार भएको थियो । एकासी एमएमको मोटारले लागेका उनी २६ दिनपछि होसमा आएका थिए ।

भारतको जलपाइगुडी र कलकता गरी ३ वर्ष जेल बसेका उनी झापाको भद्रपुर, काठमाडौं हनुमान ढोका, जावलाखेल, खाँदबारी, ललितपुर, विराटनगर, पथरी, चैनपुर, उदयपुर लगायतका ठाउँमा उनी ९ पटक जेल परेका छन् ।










## जाडोबाट बच्न निम्न उपायहरु अवलम्बन गरौं

- तातो झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं ।
- न्यानो कपडा लगाऔं । - घाम वा आगो तापौं ।
- तेल मालिस गरौं । - शारिरिक व्यायम गरौं ।
- बालबालिका, जेष्ठ नागरिक र असक्त सके सम्म चिसोको समयमा घर बाहिर ननिस्कौं ।
- ताजा र पौष्टिक खाने कुरा खाऔं ।
- जाडोबाट बच्ने नाममा धुम्रपान तथा मद्यपान नगरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्य कर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# ढिला सुस्ती रोकौं

*संघिय, प्रदेश र स्थानीय सरकारवाट भइरहको विकास निर्माण कार्यमा जहिले पनि ढिला सुस्ती हुने गरको छ। सरकारी निकायवाट लगाइएको ठेक्काहरुमा झन वढी ढीला सुस्ती हुनेको गरेको पाईन्छ। ती ढिला सुस्तु हुने कारणको खोजी नत सरकारले गरको छ नत निर्माण व्यवसायीले त्यसको खोजी गरको छ। कुनै पनि विकास निर्माणको कार्य जहिले पनि ठक्का प्रक्रियावाट हुन्छ। उक्त ठेक्कका प्रक्रियामा जसले सब भन्दा कम लागतमा काम गर्न वोलकवोल गर्दछ सोही कम्पनीलाई उक्त कार्य ठेक्का लगाइन्छ। ठेक्का हात पार्नकै लागि निमाण व्यवसायीहरुले कम भन्दा कम लागत हालेर अर्थात लो विडिङमा ठेक्का सम्झौता गर्दछ। सम्झौता गरेपछि केही काम गरेर ठेक्का छोडेर निर्माण व्यवसायी भाग्ने कारणले गर्दाछ प्राय विकास निमाणका कार्यहरु अलपत्र भएको देखिन्छ।*

*नेपाल सरकारले कम लागत भएको निर्माण कम्पनीलाई ठेक्का दिने कानुनलाई संशोधन गर्न आवश्यक छ। लो विडिङ भन्दा पनि जुन काम ठेक्का लगाउनु छ त्यसको अध्यय अनुसान्धान गरी सोही कार्यालयको इन्जिनियरवाट लागत खर्चका अनुमान गरी सो लागतमा केही प्रतिषत थपगरी अनुमानीत लागत सम्म कबुल गर्ने कम्पनीलाई ठेक्का दिनुपर्छ। जसले गर्दा त्यो निर्माण कार्य समयमै हुन्छ। त्यसको लागि कानुन संशोधन हुन जरुरी छ। यसो गर्दा नत निर्माण कम्पनीलाइ घाटा हुन्छ नत सरकारलाई र जनताले पनि समयमै विकास निर्माणका कार्यहरु देख्न पाउँछ।*

*अहिले लो विडिङकै कारण राष्ट्र गौरवका आयोजनाहरु, प्रदेश गौरवका आयोजना लगायत स्थानीय तहवाट हुने गरका सयकडौ विकास निर्माणका कार्य अलपत्र पत्ररेका छन्। अलपत्र परको आयोजनाहरुवाट सरकारलाई, निर्माण व्यवसायीलाई र आम सर्व साधारण जनतालाइ समेत घाटा छ। त्यसैले सवैलाई फाईदा हुने कानुन वनाई विकास निर्माणको कार्यलाइ अगाडी वढाएर आम नेपाली जनतालाई विकासको अनुभूति दिलाउन आवश्यक छ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# नयाँ सरकार सफताका चार सूत्र

**केशवप्रसाद भट्टराई**

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा गठित सरकारका अगाडि अवसर र चुनौतीका चाङ छन्। यो कुरा प्रचण्ड र उनका सबै सत्ता साझेदार दल र नेताका लागि लागू हुन्छ।

झण्डै डेढ दशक अगाडि नयाँ जोश र दृष्टिकोणसहित पहिलो पटक सत्तारोहण गरेका प्रचण्ड उनकै शब्दमा 'अहंकार' का कारणले सत्ताबाट विमुख मात्र भएनन्, जनताको अपार विश्वास पनि गुमाए। त्यो गुमेको विश्वासलाई जीवित बनाउन सायद यो उनका लागि अन्तिम अवसर हो।

उपेन्द्र यादव, महन्थ ठाकुर, राजेन्द्र महतो जस्ता हस्तीहरूलाई पछाडि पार्दै उदाएका सीके राउतलाई मधेशका जनताको मुहारमा परिवर्तन, उत्थान र पुनर्जागरणको आशा जगाउने चुनौती छ। उनको नेतृत्वमा विभिन्न समयमा भएका आन्दोलन, अभियान तथा घोषणाहरूमा जनमत पार्टीले मधेशमा रोजगारी सिर्जना गर्ने, विकासमा तीव्रता दिने जस्ता सपना बाँडेका थिए।

ती सपनालाई पूर्णता दिन उनले चाहेकै मन्त्रालय पनि पाएका छन्। त्यसैले 'अब मधेशमा अरू दल र नेता भन्दा म फरक छु' भन्ने कुरा कर्मका माध्यमबाट सावित गर्नु नै सीके राउतको मुख्य चुनौती हो।

त्यसैगरी सत्तामा पुगेको अर्को नयाँ शक्ति हो राष्ट्रिय स्वतन्त्र पार्टी। शासकीय प्रक्रियामा नयाँपनको आभास दिने, विदेशमा रहेका दक्ष मानव संसाधनलाई स्वदेश फर्कन वातावरण बनाउनेलगायत नवीनतम सपना बोकेको उक्त पार्टीसँग आफैंले सार्वजनिक रूपमा गरेका वाचाहरूलाई व्यावहारिक रूपमा जनताले आभास गर्ने गरी कार्यान्वयनमा ल्याउनुपर्ने चुनौती छ।

आफूले रोजेको गृह मन्त्रालयको जिम्मेवारी पाएका रास्वपा अध्यक्ष रवि लामिछानेले चुनौतीलाई अवसरमा बदल्ने उपयुक्त मौका पाएका छन्। यी सबै नयाँ आशा र अवसर पाएका तुलनात्मक रूपमा साना दललाई काँध थापेको एमालेले पनि विगतका तुलनामा मतदाता गुमाएको अवस्था छ। त्यसैले गुम्दै गएको जनविश्वासलाई पुनः सही दिशामा ल्याउनु एमालेका लागि पनि चुनौतीपूर्ण छ।

यसरी जनतासामु आफूलाई अब्बल सावित गर्न पाएको अवसरलाई यी नयाँ जोश र आशा भएका दलले के गर्नुपर्ला? समसामयिक सामाजिक तथा आर्थिक समस्याको समाधानका लागि अबका दिनमा सरकारका तर्फबाट कस्ता कार्यक्रम ल्याउनु उपयुक्त होला? प्रस्तुत लेखमा सत्तारोहणपछि देशको आमूल परिवर्तनका लागि पाइला सार्न अवसर पाएका प्रचण्ड र उनको टिमले अबको दुई वर्षभित्रमा गर्न सक्ने मूलभूत कार्यहरूलाई प्रस्तुत गरिएको छ।

१. संस्थागत सुधारका लागि संरचनात्मक 'सिफ्ट'

देश, अर्थतन्त्र तथा विकासका सन्दर्भमा सबै नव नियुक्त प्रधानमन्त्री र मन्त्रीहरूको एउटै धारणा हुने गर्छ- आर्थिक समृद्धि ल्याउने, सुशासन कायम गर्ने, पूर्वाधार विकासलाई तीव्रता दिने आदित्यादि। तर प्रत्येक सरकारले दिनहरू बिताउँदै जाँदा आर्थिक, सामाजिक तथा शासकीय क्षेत्रका सूचकहरूले खासै नयाँपनको आभास दिन सकेका हुँदैनन्। न्यून पूँजीगत खर्च, ठेकेदारको लापरबाही, बिचौलियाको नीतिगत तहमा हस्तक्षेप, असारे विकास, आयोजना कार्यान्वयनमा ढिलाइ आदि नेपालमा जुनसुकै सरकार आए पनि स्थायी रूपमा दोहोरिने प्रवृत्ति हुन्।

वास्तवमा माथि भनिएका समस्याका केही प्रमुख कारणमध्ये वर्तमान नीतिगत व्यवस्था तथा मानव संसाधनको अक्षमता नै प्रमुख हो। तसर्थ तीव्र आर्थिक विकासको थालनी गर्न संरचनात्मक सिफ्टलाई सरकारले रणनीतिक रूपमा प्रयोग गर्नुपर्ने आवश्यकता देखिन्छ।

त्यसका लागि लगानी बोर्ड जस्तो संरचनालाई शक्तिशाली विकास प्राधिकरणका रूपमा विकास गरी नेपालमा हुने पूर्वाधार विकासलाई एकद्वार प्रणालीमार्फत अगाडि बढाउने संरचनाको निर्माण गर्न सकिन्छ। बाबुराम भट्टराई, सूर्यराज आचार्य वा अन्य दक्ष व्यक्तिको संयोजकत्वमा निर्माण गरिने त्यस्तो स्वायत्त संयन्त्रको मातहतमा पूर्वाधार विकासलाई अगाडि बढाउन आवश्यक नीतिगत व्यवस्था गर्न सके यो सरकार नेपालको विकास प्रक्रियामा कोसेढुंगा सावित हुन सक्छ।

विद्युत् प्राधिकरणको नेतृत्वमा कुलमान घिसिङलाई स्थापित गरियो। कृषि औजार कारखानाको पुनः संचालनको जिम्मा आविष्कार केन्द्रलाई दिइयो। त्यसैगरी नेपालको अर्थतन्त्रमा महत्वपूर्ण रूपमा भूमिका खेल्न सक्ने सरकारी संस्थानहरूको संचालनको जिम्मा दक्ष व्यक्तिहरूलाई दिने नीतिगत व्यवस्था संरचनात्मक 'सिफ्ट'को अर्को महत्वपूर्ण पाटो बन्न सक्छ। तसर्थ सरकारले त्यतातर्फ ध्यान दिन आवश्यक छ।

२. प्राज्ञिक क्षेत्रमा आमूल परिवर्तन

प्राज्ञिक क्षेत्रलाई राजनीतिक भर्तीकेन्द्रका रूपमा विकास गर्नु तथा पूर्णतया राजनीतिको छत्रछायाँमा राख्नु विगतका राजनीतिक दलले गरेको सबैभन्दा खराब अभ्यासमध्येको एउटा हो। सार्वजनिक विद्यालय तथा विश्वविद्यालयहरूमा प्राज्ञिक वातावरण नहुँदा हजारौं युवायुवती गुणस्तरीय शिक्षाको खोजीमा विदेशिन बाध्य छन् भने यही कारणले अरबौं पूँजी विदेश पलायन भइरहेको छ।

देशका लागि आवश्यक पर्ने दक्ष मानव संसाधन उत्पादनका लागि खुलेका शैक्षिक केन्द्रहरूको पुनर्जागरणका लागि यो सरकारले महत्वपूर्ण भूमिका खेल्न सक्छ। शैक्षिक क्षेत्रलाई राजनीतिबाट टाढा राखी पूर्णतया स्वायत्त प्राज्ञिक थलोका रूपमा विकास गर्न प्रधानमन्त्री प्रचण्डको टिमले महत्वपूर्ण भूमिका खेल्न सक्छ। शैक्षिक क्षेत्रमा हुने सुधारका कार्यक्रमले देशको मात्र होइन, वर्तमान सरकारमा साझेदारका रूपमा आएका सम्पूर्ण दलको साख उच्च बनाउनेछ।

३. अर्थतन्त्रको संरचनामा आमूल परिवर्तन

केही समय अगाडि श्रीलङ्कामा देखिएको आर्थिक मन्दीले नेपालको प्राज्ञिक तथा राजनीतिक क्षेत्रमा ठूलो बहस सिर्जना गर्‍यो। कतै नेपाल पनि श्रीलङ्काकै बाटोमा त छैन भन्ने प्रश्न विभिन्न कोणबाट उठ्यो।

श्रीलङ्काकै जस्तो अवस्था नभए पनि, नेपालको आर्थिक अवस्था त्यति सहज अवस्थामा देखिंदैन। पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि, विलासिताका साथसाथै उपभोग्य वस्तुको आयातमा भएको वृद्धि, शैक्षिक गतिविधिका कारण देखिएको पूँजी पलायनलगायत कारणले विदेशी मुद्रामा संकुचन आयो।

यो पृष्ठभूमिमा देशमा उत्पन्न तरलताको अभावलाई कम गर्न राष्ट्र बैंकले निक्षेप र कर्जाको ब्याजदरमा वृद्धि गर्‍यो। तर एकातर्फ ब्याजदरको वृद्धि, अर्कोतर्फ विलासिताका वस्तुको आयातमा प्रतिबन्ध जस्ता निर्णयले सरकारको आय मात्र कम गरेन, औद्योगिक र व्यावसायिक क्षेत्रको लगानी र रोजगारीमा पनि संकट थपिदियो। फलतः अर्थतन्त्रमा बहुपक्षीय संकटका संकेत देखापरिरहेका छन्।

अहिले पनि सरकार अर्थतन्त्रमा देखिएका संकटहरूको समाधान सतही रूपमा गर्न खोजिरहेको देखिन्छ। वास्तवमा अर्थतन्त्रको सरल सैद्धान्तिक पक्ष भनेकै राज्यका सम्बन्धित सरोकारवालाको इच्छा, क्षमता, तत्परता तथा दक्षता अभिवृद्धि हो। त्यसका लागि राज्यसँग ठूलो आर्थिक स्रोत र भण्डार हुनु आवश्यक छ भने नागरिकसँग वस्तु तथा सेवाको उत्पादन र उपभोग सहज रूपमा गर्न सक्ने क्रयशक्ति मजबूत हुन आवश्यक हुन्छ।

त्यसका लागि राज्यसँग अर्थतन्त्र, सरल भाषामा भन्नु पर्दा पैसा धेरै हुनुपर्छ भने नागरिकसँग पैसा कम तर पैसाको क्रय गर्न सक्ने क्षमता धेरै हुनु आवश्यक

वांकी पांच पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

वांकी ५ पेजमा...

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# नियन्त्रित लागुऔषध ब्राउन सुगर सहित ६ पक्राउ



विराटनगर। मोरंग र झापाका बिभिन्न स्थानहरुबाट नियन्त्रीत लागुऔषध ब्राउनसुगर सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ।

घटनको विवरण अनुसार मंगलवार प्रहरी चौकी टाघन डुब्बाबाट खटिएको प्रहरी टोलीले मे ८ प ५३४४ नम्बरको मोटरसाईकललाई चेकजाँच गर्ने क्रममा मोटरसाईकलमा सवार रहेका कन्काई नगरपालिका-५ का २२ बर्षीय गौरव चुडाल र ४४ बर्षीय भिम बहादुर बस्नेतलाई पक्राउ गरको थियो।

उनीसंग ३ ग्राम ७०० मिलिग्राम लागुऔषध ब्राउनसुगर र १ थान डिजिटल तराजु सहित पक्राउ गरेको हो। यसैगरी इलाका प्रहरी कार्यालय काकरभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचीनगर नगरपालिका - ६ भट्टराई चौकबाट स्थानीय २८ बर्षीय दिलिप लिम्बुलाई १ ग्राम ५०० मिलिग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको हो। यस्तै प्रहरी चौकी शरणामतीबाट खटिएको प्रहरी टोलीले अर्जुनधारा नगरपालिका-७ का २३ बर्षीय बामदेव मिश्रलाई ३ ग्राम ५०० मिलिग्राम लागुऔषध ब्राउनसुगर सहित मंगलवार दिउँसो पक्राउ गरेको थियो।

त्यसैगरी मोरङको रंगेली नगरपालिका-१ बविया स्थितबाट लागुऔषध गाँजा सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

मनोज राजवंशीको गाई ग्वाली, कुखुराको खोर र परालको टाँल भित्र लागुऔषध गाँजा लुकाई छिपाई राखेको छ भन्ने बिशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले खानतलासी गर्ने क्रममा १५ बोरा (३५० के.जी.) गाँजा फेला पारेको थियो।

मनोज राजवंशी र अवैध गाँजा ओसार पोसारमा संलग्न धनकुटा सहिदभुमी गाउपालिका-२ का २९ बर्षीय बेचन भन्ने हस्त राई सहित प्रदेश नम्बर १-०२-०५० प २७९२ नम्बरको मोटरसाईकल प्रहरीले पक्राउ गरेको छ।

लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रूख विरूवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरूळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १




# विषम परिस्थितिका विच महत्वपुर्ण उपलब्धी

प्रदेश नं १ का आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्कीले विषम परिस्थितिका विच आफ्नो कार्यकालमा महत्वपूर्ण उपलब्धिहरु भएको उल्लेख गर्नुभएको छ।

मंगलबार मन्त्रालयमापत्रकार सम्मेलनको आयोजना गरेर मन्त्रीकार्कीले संविधानको रक्षा, अग्रगमन, जनजीविकाका सवाल र समुन्नतिकामार्गमा निरन्तर लागेको बताउनुभएको हो।

अत्यन्त विषम परिस्थितिमा हामीले २०७८ कात्तिकमाप्रदेश १ को तेस्रो सरकारमा सहभागी हुने अवसर पाएको वताउँदै हामी एकल बहुमतको सरकार नभई गठबन्धनको सरकार हुनबाध्य रहेको वताए।

गठबन्धनका कारण हामीले अधिकांशकार्य सम्पादन आपसी सहमति, सहकार्य र सम्झौतामा सम्पन्न गर्नुपर्‍यो। यसबाट पार्टीको घोषणापत्र अनुसारका कतिपय कार्यक्रम गर्ने अवस्था भएन। तथापि हामी गठबन्धनको मर्म, मूल्य र संस्कारलाई आत्मसात् गर्दै संविधानको रक्षा, अग्रगमन, जनजीविकाका सवाल र समुन्नतिका मार्गमा निरन्तर क्रियाशील भइरह्यौं। यसै सन्दर्भमा २०७८ कात्तिक १६ गते आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवारी सम्हाले पछिका महत्वपूर्ण उपलब्धि हासिल गरको वताए।



प्रदेश १ का आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्की

महत्वपूर्ण उपलब्धीहरु

-विराटनगर महानगर पालिका भित्र मुख्यमन्त्रीको कार्यालय, मन्त्रालयहरू र प्रदेशसभाभवन रहने गरी तथाग्रामथान, बुढीगङ्गा र सुन्दरहरैंचाको मध्यविन्दुमा पर्ने गरी मन्त्रीआवासको निर्माणका लागिजग्गाप्राप्तिको प्रक्रिया अगाडि बढेको।

- सातप्रदेशमध्ये प्रदेश नं. १ शान्ति सुरक्षाको कार्यसम्पादनमा पहिलो प्रदेश हुन सफलभएको।

- सुशासनआफैँबाट सुरु गरिनुपर्छ भन्ने मान्यतालाई अङ्गीकार गर्दै यस मन्त्रालयलाई आफ्नो कार्यावधिभरि बेरुजु शून्य मन्त्रालय बनाएको।

- प्रदेशको राजधानी विराटनगरलाई डुबानमुक्त बनाउन केसलिया (बुढीनदी)-को व्यवस्थापन तथा रानी-दुहबी करिडोर निर्माणका लागि गुरु योजना निर्माण भई निर्माण प्रक्रिया सुरु गरिएको।

- विपन्ननागरिकलाई नि:शुल्ककानुनी सहायताप्रदान गर्न बजेटको विनियोजन गरी कार्यान्वयनका चरणमा रहेको।

- लागु औषधको प्रयोगलाई निरूत्साहित गर्न विभिन्न पुन:स्थापना-केन्द्रलाई अनुदानदिने प्रक्रियामा रहेको। साथै प्रयोगकर्ताहरूलाई निरूत्साहित गर्न लक्षितवर्गको समेत सहभागितामा परामर्श दिने कार्यको तयारी अन्तिम चरणमा पुगेको।

- 'सुरक्षितयात्रा, सुरक्षित सडक'का लागिप्रविधिमैत्री सडकको निगरानी गर्न यस प्रदेशमा रानीदेखि धरानसम्म सीसी क्यामेराको जडान भइसकेको छ। साथै कोसीदेखि मेचीसम्म जडानको काम प्रक्रियामा रहेको।

- विपत्बाट प्रभावित निजी आवासहरूको पुन: स्थापनाका लागिप्रदेश सरकारको ३० प्रतिशतलागत सहभागिता रहने गरी बजेटको विनियोजन गरिएको। विपत् प्रभावित ठाँउहरूको नक्साङ्कनको काम भइरहेको।

- 'प्रहरी सुरक्षित:नागरिक सुरक्षित'भन्ने मान्यतालाई मूर्त रूप दिनप्रदेश नं १ मा प्रहरीका लागि नयाँ भवनको निर्माण तथा मर्मत-सम्भारका कामले तीव्रतापाएका छन्। यसै आर्थिका वर्षमा १५ वटा नयाँ भवननिर्माणका साथै१०४ वटा पुरानाभवनलाई मर्मत-सम्भारका लागि बजेट विनियोजन भई निर्माण तथा मर्मत-सम्भारको काम सुरु भइसक्को। सीमा सुरक्षाका लागि बिओपीको स्थापना गरिएको।

- अनुसन्धानकार्यलाई प्रभावकारी बनाउन राष्ट्रिय अनुसन्धान केन्द्र प्रदेश १ को सम्पर्क कार्यालय स्थापना गर्न बजेटको विनियोजन गरिएको।

- विराटनगर महानगरपालिका र देवानगञ्ज गाउँपालिकालाई वारुणयन्त्र हस्तान्तरणका साथै सोलुखुम्बु लगायतका जिल्लाका लागि खरिदको कार्य अन्तिम चरणमा रहेको।

- संविधान दिवस औपचारिक कार्यक्रममा मात्रै सीमित हुने गरेकोमा यस वर्ष आन्तरिक मामिला तथा कानून मन्त्रालयका आयोजनामा जलवायु परिवर्तनको जोखिम लाई न्यूनीकरण गर्न जोगबनीदेखि वरगाछीसम्म वृक्षरोपण गरिएको। त्यसको संरक्षणको जिम्मा सडक आयोजना र विराटनगर महानगरपालिकालाई प्रदान गरिएको।

- लागु औषधको प्रयोगको न्यूनीकरणका साथै विपद् व्यवस्थापन र नैतिकशिक्षालाई जोड दिई समाजमाजिम्मेवार नागरिक बनाउन 'हामी स्वयम् सेवी'अभियान सञ्चालनमा ल्याइएको।

- विपत् व्यवस्थापनतर्फ विपत् आएपछि सहयोग जुटाउने अभ्यासलाई तोड्दै विपत् आउनासाथ राहत-सामग्रीलिएर पुग्नथालिएको। नागरिक सँग प्रत्यक्ष जोडिएको मन्त्रालय भएकाले नागरिकलाई सरल ढङ्गबाट सेवाप्रवाह गराउन सफलभएको।

- प्रदेशमा रहेका जिल्ला कारागारहरूमामानवअधिकार प्रवर्धन तथाकानुनी सचेतना कार्यक्रमको आयोजना गरी कैदीबन्दीलाई सचेत गराइए को।

- कारागारमा पुस्तकालय स्थापना गर्न चालु आर्थिक वर्षमा बजेटको विनियोजन गरिएको, प्रादेशिक कारागारको निर्माणका लागि डिपिआर बनाउन बजेटको विनियोजन गरिएको।

- सुरक्षानिकायलाई खरिद गरेको स्कटिङ मोटरसाइकल प्रदेश प्रहरी कार्यालय विराट नगरलाई हस्तान्तरण गरिएको।

- प्रदेशलाई अधिकार हस्तान्तरण गर्न संघ सरकारसँग निरन्तर खबरदारीका साथै सातै प्रदेशकातर्फबाट संयुक्त रूपमा जनकपुर घोषणापत्र जारी गरिएको।

-प्रदेश निजामती सेवा अध्यादेश जारी गरिएको। यसै आर्थिक वर्षमा ६ वटा कानुनको निर्माण गरी कार्यान्वयनका चरणमा रहेको।

- 'विपत्-प्रतिकार्य-योजना'अन्तर्गत सुरक्षानिकायलाई आवश्यक तालिम तथा पूर्व अभ्यास समेत गराई गाउँगाउँमा सचेतना मूलक कार्यक्रम सञ्चालन गरिएको।

- आर्थिक अवस्थाकमजोर भई विभिन्न रोगको उपचार गर्न नसक्नेहरूकालागि राहतस्वरूपको रकम बिरामीको अवस्था हेरी प्रदान गरिएको।

- प्रादेशिकविपत् व्यवस्थापन केन्द्रको डिपिआर बनाउन बजेटको विनियोजन गरिएको।

- जिल्लास्तरमा 'विपत् गोदाम घर' स्थापनाका साथै 'एकीकृत विपत् व्यवस्थापन केन्द्र साझेदारी'कालागि बजेटको विनियोजन गरिएको।

- जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी जनजाति आन्दोलनकाक्रममा सहादतप्राप्त गर्ने परिवारले रकमप्राप्त गर्न प्रक्रिया सुरु भएको।

- मुख्यमन्त्रीअत्यावश्यककेन्द्र सञ्चालनकालागिजिल्लाप्रहरी कार्यालयलाई अनुदानदिइएको। - तीनतहकै निर्वाचनतुलनात्मक रूपमा शान्तिपूर्ण रूपमा सम्पन्न गराउन सफलभएको।

- कोरोना-महामारीको नियन्त्रणका लागि आवश्यक कार्य गरी तयारी अवस्था सृजना गरिएको।



## ब्राउन सुगर सहित चार पक्राउ



झापा । झापाको दमक नगरपालिका-२ खरखरे स्थितबाट ब्राउन सुगर सहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा दमक-२ का ३६ बर्षीय सन्तोष राजवंशी, ३६ बर्षीय लिला कुमार बुढाथोकी, २८ बर्षीय केशव धिमाल र ३१ बर्षीय सन्दिप लिम्बु रहेका छन् ।

विहीवार साँझ इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले संकित अवस्थामा रहेका उनिहरुलाई चेकजाँच गर्दा प्रतिबन्धित लागुऔषध ब्राउन सुगर ४ ग्राम फेला परेको थियो ।

ब्राउन सुगर सहित पक्राउ परेका उनिहरुको साथबाट प्रहरीले को १४ प ७७८४ र मे ८ प ३०६६ नम्बरको २ वटा मोटर साईकल तथा बिभिन्न कम्पनिको ५ थान मोवाईल फोन समेत बरामद गरेको हो ।

पक्राउ परेका उनिहरुको इलाका प्रहरी कार्यालय दमकबाट थप अनुसन्धान भईरहेको छ ।

## स्कुटर चोरी गर्ने एक जना पक्राउ



सुनसरी । सुनसरीको इटहरी उप-महानगरपलिका-१३ स्थितबाट स्कुटर चोरी गर्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा वर्दिवास नगरपालिका-२ महोत्तरीका ३० बर्षीय राम दुलार महतो रहेका छन् । बुधबार बेलुका इटहरी-१३ का रोशन चौधरीको घर अगाडी पार्कीङ गरी राखेको को ३३ प ८५५३ नम्बरको स्कुटर चोरी गरी लादै गरेको अवस्थामा प्रहरीले फेला पारी उनलाई पक्राउ गरेको थियो ।

पक्राउ परेका महतोको इलाका प्रहरी कार्यालय इटहरीबाट थप अनुसन्धान भईरहेको छ ।


## सार्वजनिक सूचना

*आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।*

**ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, प्रदेश १**

## लागुऔषध रहित परिवार : स्वस्थ जीवनको आधार

लागुऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य विग्रन्छ। लागुऔषधको उत्पादन, संचय, ओसार-पसार, विक्री वितरण तथा सेवन कानूनत दण्डनीय छ। गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं।

**विराटनगर महानगरपालिका, प्रदेश १**


# दीर्घायू र स्वस्थ जीवनका लागि सहकारी भोजन

साकाहारी र मांसाहारी मध्ये कुन भोजन कुन राम्रोरु भन्नेरु विषयमा बेरुला-बेरुलामा बहस र चर्चा हुने गर्छ । हरेरुक सिक्काका दुई पाटा हुन्छन् भनेरुजस्तैरु दुवैरु खानाकोरु फाइदा र बेरुफाइदा हुन्छन् । तर कम र बढीमा भर पर्दछ ।

मानिसहरुकोरु एक आम धारणा के छ भने साकाहारी भोरुजनलेरु कम तागत दिन्छ जसकोरु कारण मानिस कमजोरुर, दुब्लोरु पातलोरु र अस्वस्थ हुन्छ । हाम्रोरु समाजमा गर्भवती र सुत्केरी समयदेरुखि प्रशस्त माछा, मासु, अण्डा खानदिने र बच्चालाई पनि मासु खान र खुवाउन अभिभावक हरुबाट प्रेरित गरेको पाइन्छ ।

मासुलाई शक्तिवर्द्धक खानाकोरु रुपमा लिइए पनि सँगैरुसँगै कैयौं रो पनि निम्त्याउँछ मासुले । यस लेखमा काल्पनिक र धार्मिक कुराकोरु आधारमा नभई खोरुजबिनकोरु आधारमा वैरुज्ञानिक तर्कसंगत हिसाबले रुशाकाहारी र मांसाहारी खानाकोरु तुलना गरिएकोरु छ ।

मानिस सर्वकांक्षी प्राणी होरु। मानिसलेरु दुवै भोरुजन खान्छ । कुनैरु जलवायु तथा भौरुगोलिक विकटता भएकोरु हिमाली तथा पहाडी क्षेरुत्रमा मासु खानेरु अन्तिम विकल्प हुनसक्छ। जहाँ पर्याप्त मात्रामा बालीजन्य प्रोरुटिनकोरु अभाव रहन्छ । वैरुज्ञानिक अनुसन्धान तथा विश्वभरका चिकित्सकहरुकोरु अनुभवमा मासुमा केरुवल केरुही प्रोरुटिनयुक्त पोरुषण तत्व पाइन्छ। तर सागपात, फलफूल, दूध, अनाज आदिकोरु सेरुवनले शरीरकोरु लगभग सबैरु आवश्यक पोरुषक तत्व प्राप्त हुन्छ ।

प्राकृतिक हिसाबलेरु भन्नुपर्दा मानिस मांसाहारी होरुइन । मानिसकोरु शारीरिक संरचनाअनुसार साकाहारी भोरुजन मानवका लागि स्वभाविक भोरुजन हो रु। मान्छेरु, बाँदर, घोरुडा, गाई यी सबैरुका दाँत एक समान सपाट हुन्छन् । जबकि मांसाहारी जनावरका दाँत लामा, तिखा र धेरुरैरु हुन्छन् । जसकोरु सहायतालेरु काँचोरु मासु लुछेरुर च्याति-च्याति खानेरु गर्दछन् ।

साकाहारी र मांसाहारीमा फरक

प्रकृतिलेरु मानिसकोरु शरीर साकाहारी भोरुजनका लागि बनाइदिएकोरु होरु न कि मांसाहारका लागि। साकाहारी व्यक्ति रोरुगी पशु तथा सडेरुगलेरुकोरु मासु खानबाट र रोरुगबाट बच्न सक्छ। तर आजभोरुलि व्यापारिक नाफा कमाउनकोरु लागि तरकारी तथा फलफूलमा अनावश्यक विषादी प्रयोरुग गर्ने हुनाले दुवैरु भोरुजनबाट मानव स्वास्थयमा प्रतिकूल असर परिरहेरुकोरु छ ।

सर्वसाधारण देरुखि उच्च तहका आम मानिसमा अण्डा र माछामासुबाट अधिक प्रोरुटिन पाइन्छ भन्नेरु मान्यता छ। तर वास्तविकतामा सय ग्राम अण्डामा १३ ग्राम प्रोरुटिन, मासुमा १८ देरुखि २२ ग्राम, भटमासमा ४३ ग्राम, पनिरमा २४ ग्राम, बदाममा २६ ग्राम, मुसुरोकोरु दालमा २४ ग्राम र चनामा २४ ग्राम प्रोरुटिन पाइन्छ । यसबाट प्रष्ट हुन्छ कि पशुजन्य मासुबाट भन्दा बालीजन्य खानाबाट बढी मात्रामा प्रोरुटिन पाइन्छ ।

यसैरुगरी मासुबाट प्रचुर मात्रामा क्यालोरुरी पाइन्छ भन्नेरु आमधारणा रहेरुकोरु पाइन्छ। तर यथार्थमा १०० ग्राम अण्डामा १७३ ग्राम क्यालोरुरी, मासुमा एक सय १४ देरुखि एक सय ९४, भटमासमा चार सय ३२, बदाममा पाँच सय ७०, चनामा तीन सय ४७ र मुग दालमा तीन सय ३४ क्यालोरुरी शक्ति पाइन्छ ।

मांसाहारी भोरुजनमा रेरुसा बिल्कुल हुँदैरुन। रेसा भएको खानाले मानिसकोरु पाचन प्रणालीमा कुचोरुकोरु रुपमा सफाइकोरु काम गर्दछ। मासुकोरु अति प्रयोरुगलेरु आन्द्रा तथा पेरुटकोरु मासु र बोरुसोरु बढ्नालेरु मानिसकोरु मोरुटोरुपन बढ्नेरु, उच्च रक्तचाप, मधुमेरुह, क्यान्सर रोरुगलाई बढावा दिनेरु र यसका साथैरु मदिरा सेरुवनलाई आकर्षण गर्ने र आर्थिक भार बढ्न गई पारिवारिक तथा सामाजिक झैरुझगडा र कलहसमेरुत निम्त्याउनेरु गर्दछ ।

मांसाहारलाई उचित भण्डारण का लागि उचित तापक्रम र छोरुटोरु समयमा उपभोरुग गर्नुपर्ने हुन्छ । मांसाहारमा ब्याट्रियल इन्फेरुक्सन छोरुटोरु समयमा हुनेरु हुनालेरु अस्वस्थकर खानाकोरु रुपमा लिइन्छ । तर साकाहरी भोरुजन लामोरु समयसम्म कम लगानीमा भण्डारण गरेरुर राख्न सकिन्छ । खाद्य संक्रमणकोरु सम्भावना पनि कम रहन्छ ।

रोरुगी पशु, मरेरुकोरु जनावरकोरु मासु, झोरुक्रेरुका रोरुगी कुखुराहरु हामीलेरु कहीं कतैरु विसर्जन गरेरुकोरु पाउँदैरुनौं । हामी काठमाडौंबाहिर जाँदाआउँदा बाटोरुमा खाना खान्छौं । तर त्योरु खाना-मासु खाएकोरु दुई घण्टापछि पेरुट पोरुल्न र दुख्न सुरु गर्छ। त्यस्तो खानामा संक्रमित मासु, अत्यधिक मसला, चिल्लोरु र खुर्सानी प्रयोरुग हुनालेरु नैरु यस्तो भएकोरु हो रु। त्यसैरुलेरु यात्रामा जहिलेरु पनि साकाहारी बनौं, सकेरु सधैंभरिलाई ।

मानव शरीरलाई आवश्यक पर्ने करिब २४ प्रकारका खनिज तत्व जसलेरु शरीरकोरु बृद्धि, मर्मत र आवश्यक कार्य नियमन गर्छ । त्यस्ता चिजहरु माटोरुमुनि पाइनेरु चिजहरु, दाल तथा गेरुडागुडीबाट प्राप्त गर्न सकिन्छ ।

मांसाहारका बेरुफाइदा

मासुमा पाइनेरु अधिक प्रोरुटिनलेरु कलेरुजोरुलाई प्रभावित गर्छ जसकोरु कारण कलेरुजोरु खराबसमेरुत हुन सक्छ । शरीरमा कोरुलेरुस्ट्रोरुलकोरु मात्रा बढ्न गई हृदय रोरुग, मिर्गौरुला रोरुग, मधुमेरुह, उच्च रक्तचापजस्ता समस्या भई मान्छेरु मर्न सक्छ । दाँतमा समस्या आउनेरु र छिटोरु खराब हुनेरु सम्भावना हुन्छ । मांसाहारीकोरु युरिक एसिड बढ्न गई शरीरकोरु हड्डी तथा जोरुर्नीहरुमा दीर्घ समस्या आउँछ ।

मांसाहारीमा फुड पोइजनिङकोरु सम्भावना धेरुरैरु रहन्छ । साथैरु मासुका पारखी हरुलेरु चिल्लोरु पिरोरु र धेरुरैरु मसला प्रयोरुग गर्ने हुनालेरु ग्याष्ट्रिक, अल्सर, कब्जियत तथा ठूलोरु आन्द्राकोरु क्यान्सर एपेरुण्डिसाइड र पाइल्सजस्ता समस्या आउँछन् । यसैरुगरी छालाकोरु समस्या, मृगीरोरुग, पत्थरीकोरु सिकायत, रक्त अल्पता जस्ता समस्याहरु भई मानिस दीर्घरोरुगी हुन्छ । जुन मानिसलेरु मांसाहारी भोरुजन अधिक प्रयोरुग गर्छ उसलेरु शारीरिक संरचना विरुद्धकोरु काम गरिरहेरुकोरु हुन्छ । शिथिल भई निष्क्रिय जीवन बिताउँछ ।

साकाहारका फाइदा

साकाहारी भोरुजन सस्तोरु, रोरुग निरोरुधक, शक्तिबर्धक, पाचन प्रक्रिया सजिलोरु, पेरुट सम्बन्धी रोरुग न्यून, उच्च प्रोरुटिन, उच्च कार्बोहाइड्रेरुट, सन्तुलित भोरुजन, निरोरुगी हुन्छ । प्रशस्त मात्रामा सागपात खानाले आँखामा समस्या नआउनेरु, उच्च रक्तचाप, हृदय रोरुग, मधुमेरुह, मिर्गौरुला रोरुग, क्यान्सर जस्ता समस्याबाट टाढा रहन गई मानिस बुढेरुसकालमा जवान देरुखिन्छ। अधिकांश मानिसकोरु दिसा कब्जियत हुनेरु र हल्का मन्द टाउकोरु दुखिरहनेरु समस्याबाट बचनका लागि हरियोरु सागपातकोरु झोरुल र फलफूलकोरु रस उत्तम मानिन्छ । साकाहारी भोरुजनले मानिसकोरु मस्तिष्क कार्यक्षमतालाई बढाउनेरु भएकालेरु यसलाई 'स्मार्ट फूड' पनि भन्नेरु गरिन्छ । जर्मनीमा गरिएकोरु शोरुधकार्यलेरु योरु पत्ता लगाएकोरु छ । साकाहारी भोरुजन ज्यादा प्रयोरुग गर्नेहरुलाई हृदयघात तथा क्यान्सरबाट बचाउन सकिन्छ । किनकि यसमा कैरुरोरुटिनाइड नामक रसायन पाइन्छ । योरु रसायन विशेरुषतः पालक, टमाटर, गाँजर, हरियोरु खुर्सानीमा पाइन्छ ।

साकाहार र मांसाहार खाना मान्छेरुकोरु छनोरुटमा भर पर्दछ। कुन खाना मानव स्वास्थ्यकोरु लागि अति उत्तम छ भन्नेरु कुरा माथिकोरु छलफलबाट हामी प्रष्ट हुन्छौं । मानव जीवन यस धर्तीमा एकपटकोरु लागि हुन्छ । एकपटक प्रकृतिलेरु दिएकोरु मानवरुपी जीवन सही आहारबाट जिउन सकेरु दीर्घ, स्वास्थ्य र सुखी जीवन जिउन सकिन्छ ।

धूमपान, मद्यपान, अधिक माछामासुकोरु प्रयोरुगलेरु रोरुगी भएर औरुषधिकोरु भरमा बाँच्नुपर्ने हुन्छ । जिब्रोरुकोरु स्वादका लागि जेरु पनि खाइदिनालेरु शरीरकोरु लागि अपाच्य हुन्छ । हालकोरु अध्ययन-अनुसन्धानबाट संसारभरका मानिसकोरु औरुसत आयु बढेरु पनि रोरुगी भएर बाँचिरहेरुका छन् । खान नपाएरभन्दा खान नजानेरुर मर्नेकोरु संख्या संसारमा धेरुरैरु छ । त्यसैरुलेरु साकाहारी भोरुजन रोरुजौं, शरीरलाई दीर्घ, स्वस्थ र निरोरुगी राखौं ।




क्राईम अपरेशन
CRIME OPERATION

# सवारी दुर्घटनामा दुइको मृत्यु

बिराटनगर । झापा र मोरङको छुट्टा छुट्टै दुई स्थानहरुमा सवारी दुर्घटना हुदा दुई जनाको मृत्यु भएको छ ।

बुधबार बिहान ७ बजे झापाको कमल गाउपालिका-५ लवडाँडा स्थित राजमार्गमा प्रदेश १-०१-०१६ प २०९४ नम्बरको स्कुटर र बिपरित दिशाबाट जाँदै गरेको मे २ प २१५७ नम्बरको मोटरसाईकल एक आपसमा ठोक्किदा प्रदेश १-०१-०१५ प ७४८७ नम्बरको स्कुटर समेतलाई ठक्कर दिएको थियो ।

ठक्करवाट घाईते भएका मोटरसाईकल चालक मिक्कलाजुङ-७ मोरङका ३८ बर्षीय नरेन्द्र सेलिङको उपचारको लागि लाईफलाईन अस्पताल दमक तर्फ लाने क्रममा बाटोमा नै मृत्यु भएको थियो । मोटरसाईकलमा सवार शिवसताक्षी-९ का २४ बर्षीय नगरपालिका-७ स्थित इटहरी सडक खण्डमा प्रदेश १-०२-०४२ प ८४०४ नम्बरको स्कुटरले ठक्कर दिदा घाईते भएका पैदल यात्री ६५ बर्षीय खड्का बहादुर लिम्बुको उपचारको क्रममा बि एण्ड सि अस्पताल बिर्तामोडमा मृत्यु भएको थियो ।

घटनामा संलग्न ठक्कर दिने स्कुटर चालक ईलामका ३५ बर्षीय सन्तोष लिम्बु, ओखलढुङ्गाका २४ बर्षीय तेजराज कटुवाल र मोरङका १८ बर्षीय उत्तम कार्कीलाई प्रहरीले नियन्त्रणमा लिई घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको छ ।

# लागुऔषध सहित दुई पक्राउ

झापा । झापाको दमक नगर पालिका-१ र ९ स्थितबाट प्रतिबन्धित लागुऔषध सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा फाकफोकथुम गाँउपालिका-४ ईलाम घर भई हाल दमक-१ कुमाल चोक बस्ने ३९ बर्षीय धनराज आले र दमक-९ की २३ बर्षीया अनिशा कार्की र हेका छन् ।

बुधबार साँझ साढे ६ बजे ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले मे ७ प ५१०७ नम्बर को मोटरसाईकल चालक आलेलाई चेकजाँच गर्दा निजको साथबाट ८ सय मिलिग्राम ब्राउन सुगर फेला पारी नियन्त्रणमा लिएको थियो ।

सोही दिन दमक-९ स्थित रहेको चिया दोकानमा बसिहेको अवस्थामा २६ बर्षीय कार्कीलाई चेकजाँच गर्दा कार्कीको साथबाट २ ग्राम ब्राउन सुगर फेला पारी पक्राउ गरेको थियो । पक्राउ गरेका दुबै जनाको ईलाका प्रहरी कार्यालय दमकबाट थप अनुसन्धान भईर हेको छ ।

# सिलाई-कटाई तालिमको समुद्घाटन तथा सौन्दर्य कला तालिम सम्पन्न

बिराटनगर । १ नम्वर प्रदेश प्रहरी श्रीमती संघको सकृयता तथा प्रदेश प्रहरी कल्याण कोषको लगानीमा संचालित सिलाई-कटाई तालिम १० औ समुहको समुदघाटन भएको छ ।

नेपाल प्रहरी प्रदेश कार्यालय धरानको सभाहलमा शुक्रवार आयोजित एक बिशेष कार्याक्रम मा प्रमुख अतिथि प्रदेश प्रहरी श्रीमती संघकी अध्यक्ष श्रीमती कल्पना गिरीले बिधिवत रुपमा तालिमको समुदघाटन गर्नु भएको हो ।

६ महिना अवधिको उक्त तालिममा नेपाल प्रहरीका बहालवाला, पुर्व तथा अमर/ अशक्त प्रहरी परिवारका आश्रीत परिवारहरुको सहभागिता रहेको थियो ।

साथै वहाले आर्य ब्युटि आर्ट एन्ड एकेडेमी धरानमा प्रहरी कल्याण कोषको लगानीमा



तालिममा सहभागीहरु संगै अतिथीहरु सामूहिक तस्वीरमा

संचालित सौन्दर्यकला तालिमको समापन समेत गर्नु भएको छ । सौन्दर्यकला तालिम चौथो समुहमा सहभागी भएका २४ जना प्रशिक्षार्थीहरुलाई सभाहलमा प्रमाण पत्र वितरण गर्नु भएको थियो ।

तालिमको समुदघाटनको क्रममा प्रमुख अतिथि श्रीमती गिरीले यस किसिमको सिपमुलक तालिमले नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीका आश्रीत परिवारमा सिपको बिकास भई आर्थिकोपार्जनमा टेवा पुग्ने बिश्वास लिएको बताउनु भयो ।

कार्यक्रममा प्रदेश प्रहरी श्रीमती संघका पदाधीकारीहरु, प्रहरी अधिकृत तथा अन्य प्रहरी कर्मचारीहरु र तालिममा सहभागिता हुने प्रहरी परिवार हरुको समेत उपस्थिति रहेको थियो ।

# चिशंखुगढी गाउँपालिकाका किसानहरू व्यवसायीक बाखापालनमा

ओखलढुंगा । ओखलढुंगाको चिशंखुगढी गाउँपालिकाको दियाले र पोखरेका किसान समूह व्यवसायिक बाखापालनमा लागेका छन् ।

दियालेमा रहेको पुष्पमाला र पोखरेमा रहेको हसेरा पशुपालन किसान समूहमा आबद्ध ५२ घरधुरीले व्यवसायिक बाखापालन थालेका हुन् ।



उद्योग मन्त्रालय अन्तर्गत रहेको ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) लागु भएपछि यहाँका विपन्न किसानमा व्यवसायिकता देखिएको हो । किसान समूहसँगको सह लगानीमा आयोजनाले बियाडका लागि बोयर बोका वितरण गरेको छ ।

किसान समूहले बोयर बोका पाएपछि यी दुवै गाउँमा खरी बाखाको नश्न सुधार गरेर बोयरका पाठापाठी उत्पादन सुरु भएको छ ।

गाउँमा पहिलोपटक बोयर भित्रिएपछि समूहभन्दा बाहिरका किसानले समेत लाभ लिइरहेको स्थानीय किसान गोमा कार्कीले बताउनुभयो । यहाँका किसानले खोर सुधार र घाँस खेती समेत अभियानकै रुपमा थाल्ने योजना रहेको बताएका छन् ।

समृद्धि आयोजनाले किसान समूहमा वित्तीय तथा प्राविधिक शिक्षा, बजार सञ्जाल विस्तारलगायतका क्षेत्रमा समेत काम गर्दै आएको जनाएको छ ।

## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया मोरंग, प्रदेश १

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## नेपालमा...

हुन्छ । यसबाट नागरिकसँग भएको पैसाको मूल्य बढ्न पुग्छ भने सरकारले पनि उत्पादनशील क्षेत्रमा ठूलो स्तरमा लगानी गर्न सक्छ । यसले बजारमा तरलतालाई सामान्यीकृत गर्न सहयोग पुग्छ ।

तर नेपालको अवस्था ठ्याक्कै उल्टो छ । यहाँ सरकारसँग स्रोत साधन (पैसा) को सीमितता छ भने नागरिकसँग पैसा धेरै छ । यसको व्यापक प्रयोग अनौपचारिक तवरले हुने गर्दछ । एउटा सामान्य उदाहरणबाटै हेरौं न । एक व्यक्तिले जग्गा किन्दा हुने आर्थिक लेनदेन सरकारी मूल्यमा हुने गर्दछ जुन वास्तविक बजार मूल्य भन्दा ज्यादै कम हुनेगर्छ ।

बजार मूल्यमा प्रति आना ३० लाख पर्ने जग्गाको सरकारी मूल्य ठाउँ हेरी प्रति आना ५ लाखदेखि १० लाख हुनसक्छ । सरकारलाई कम कर तिर्नका लागि सरकारी मूल्यमा कारोबार देखाइए पनि जग्गा बिक्रेताले पाउने वास्तविक मूल्य तीन-चार गुणा नै बढी हुनसक्छ । सरकारलाई कर छल्न उसले आफ्नो वास्तविक आयलाई अनौपचारिक क्षेत्रमा संचय तथा लगानी गर्छ ।

यो त एउटा उदाहरण मात्र भयो । वर्ड इकोनोमिक्स नामक लण्डनस्थित अनलाइन पोर्टलका अनुसार नेपालको कुल अर्थतन्त्रको ३३.२ प्रतिशत हिस्सा अवैधानिक रूपमा परिचालित छ । अर्थ मन्त्रालयको ड्यासबोर्ड तथ्याङ्क अनुसार नेपालको कुल गार्हस्थ्य उत्पादन प्रचलित मूल्यमा करिब ४८ खर्ब हाराहारी छ तर विभिन्न अध्ययनका अनुसार करिब ६२ खर्ब बराबरको अर्थतन्त्र चाहिं अनौपचारिक प्रकृतिको छ । त्यसो त नेपालको अनौपचारिक अर्थतन्त्रका बारेमा कमै मात्र अध्ययन भएको पाइन्छ ।

यस्तो अवस्थामा यदि राज्यसँग ठूलो इच्छाशक्ति छ र देशको अर्थतन्त्र सुधार्न कालजयी निर्णय लिनसक्ने क्षमता छ भने निकै नै 'बोल्ड निर्णय' गर्न अहिलेको मन्त्रिपरिषद् र वर्तमान प्रधानमन्त्री प्रचण्डले आँट गर्नुपर्छ । अनौपचारिक क्षेत्रमा लुकेर बसेको पैसालाई वैधानिक बैंकिङ प्रणालीमा जोड्न सक्नुपर्छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अकुत सम्पत्ति थुपार्ने कालाबजारी र भ्रष्टाचारीहरूलाई लक्षित गर्दै ५०० र १००० का नोटमा प्रतिबन्ध लगाउने निर्णय गरेका थिए । हुन त उनको यो निर्णयले गरीब जनतालाई नै सबैभन्दा बढी असर पुऱ्यायो भन्ने कोणबाट पनि बहस भएको थियो । नेपालको सन्दर्भमा पनि अर्थतन्त्रको सबलीकरणका लागि सरकारले फराकिलो छाती बनाउन आवश्यक छ ।

४. संघीयताको उच्चतम प्रयोग

संघीयतामार्फत सिंहदरबार लाई जनताको आँगनमा पुऱ्याउने उद्घोष गरिएको भए पनि विगत पाँच वर्षमा संघीयताको सबलीकरणमा खासै ध्यान दिइएन । फलतः जनतामा संघीय शासन प्रणालीप्रति वितृष्णा बढ्दै गएको देखिन्छ । विश्वमा रहेका संघीयता अपनाएर सफल भएका देशहरूले दुई तहको शासकीय प्रणाली अवलम्बन गरेको देखिन्छ ।

तर नेपालमा तीन तहको शासकीय संरचना निर्माण गरिएको छ । जसका कारण अधिकारको बाँडफाँड र व्यावहारिक प्रयोगमा डुब्लिकेशन हुने गरेको छ । यी समस्याको निराकरण गरी प्रदेश संरचनाहरूको संस्थागत विकासमा यो सरकारले प्राथमिकताका साथ काम गर्नु आवश्यक छ ।

स्थानीय तहको हकमा, वर्तमान सरकारले प्रत्येक स्थानीय तहलाई आर्थिक केन्द्रका रूपमा विकास गर्न यसको संवैधानिक तथा कानुनी संरचनामा फेरबदल ल्याउन आवश्यक छ । वास्तवमा प्रत्येक स्थानीय तहलाई 'कर्पोरेट पालिका' को रूपमा विकास गर्न आवश्यक छ, जसले गर्दा स्थानीय तहलाई अर्थतन्त्र र रोजगार केन्द्रका रूपमा विकास गर्न सकियोस् ।

निष्कर्ष

माओवादी केन्द्रका अध्यक्ष तथा वर्तमान प्रधानमन्त्रीले बारम्बार उच्चारण गरिरहने एउटा वाक्यांश हो- निरन्तरतामा क्रमभङ्गता । वास्तवमा निरन्तरतामा क्रमभङ्गताका लागि प्रचण्डलाई अनुकूल समय छ । नयाँ दलका युवा मन्त्रीहरूमा केही गरेर देखाउने चुनौतीका साथसाथै हुटहुटी छ भने प्रचण्ड आफैं पनि विद्रोहलाई नेतृत्व गरेर उदाएका नेता हुन् ।

त्यसैले उनले अग्रगामी परिवर्तनको योजनालाई सफलतापूर्वक निभाउन सक्नुपर्छ । यसबाट सत्ता साझेदार दलहरूको सुखद भविष्य मात्र सुनिश्चित हुँदैन, एउटा भुईंमान्छेको जीवनमा सहजता आउन थाल्छ । अनलाईन खबरवाट